# RELIANCE SPINNING MILLS LTD.

H.O. 4th Floor Ameer Bhawan, Kamaladi, Kathmandu, Nepal
Tel. : +977-1-5341853 (Hunting Line)
E-mail : info@reliancespinningnepal.com

Ltd. No. 105117 PAN: 300016312

## प्रेस विज्ञप्ति

नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले तोकेको यस कम्पनीको शेयरको पहिलो कारोबार मूल्य सीमा (ओपनिङ रेन्ज) प्रति ध्यानाकर्षण भएको छ । शेयरको ओपनिङ रेन्ज रु. १०० देखि रु. ३०० निर्धारण गरिएको जानकारी प्राप्त भएको छ, जुन अंकित मूल्यको तीन गुणासम्म मात्र हो । यो सीमा यसअघि अन्य कम्पनीहरूको सूचीकरणका क्रममा अवलम्बन गरिएका आधार र अभ्याससमेत विपरीत रहेको कम्पनीको बुझाइ छ ।

नेपाल धितोपत्र बोर्डले बुक बिल्डिङ विधिसम्बन्धी निर्देशिका बमोजिम कम्पनीलाई शेयर निष्कासनको अनुमति दिएको थियो । बुक विल्डिङ आधुनिक विधि भएकाले यसमार्फत निष्काशित शेयरको सूचीकरण सम्बन्धमा आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्ने नियामक निकायको जिम्मेवारी हो । यस कम्पनीले बुक बिल्डिङ विधि सामान्य विधिभन्दा फरक रहेको हुँदा शेयर सूचीकरणको प्रारम्भिक मूल्य निर्धारणको आधारसमेत फरक हुनुपर्ने ध्यानाकर्षण गराएको थियो । अन्ततः सोको सुनुवाइ नभएपछि कम्पनी शेयर सूचीकरण गर्न बाध्य भयो । यद्यपि कारोबारको सुरु मूल्य जतिसुकै निर्धारण गरिएता पनि हामी आदरणीय लगानीकर्ताहरूलाई कम्पनीको वास्तविक वित्तीय स्थितितर्फ ध्यानाकर्षण गराउन चाहछौं ।

क) कम्पनीको प्रतिशेयर मूल्य रु. ९१२ काल्पनिक आधारमा नभई विज्ञ वित्तीय संस्थाहरूले कम्पनीको वित्तीय प्रक्षेपण तथा सम्भाव्यता समेतलाई मध्यनजर गरी तोकेको वास्तविक मूल्य हो । नेप्सेले नै योग्य संस्थागत लगानीकर्ताहरूबीच सिलबन्दी बोलपत्रमार्फत रु. ६०८ देखि रु. ९१२ सम्मको शेयर खरिद मूल्य सीमा कायम गरेको यहाँ स्मरणीय छ । संस्थागत लगानीकर्ताद्वारा तय भएको मूल्यमा बुक बिल्डिङ निर्देशिका बमोजिम १० प्रतिशत घटाएर आमसर्वसाधारण लगानीकर्ताको लागि रु. ८२०।८० कायम भएको थियो ।

ख) यस कम्पनीको वर्तमान वित्तीय स्थिति समेतले रु. ९१२ लाई समर्थन गर्दछ । कम्पनीको २०८२/०८३ को दोश्रो त्रैमासिक (अपरिष्कृत) वित्तीय विवरण अनुसार कम्पनीको प्रतिशेयर नेटवर्थ रु. ४९०।५४ रहेको छ । तसर्थ, कम्पनीको वित्तीय अवस्था र सम्भाव्यताको उचित विचार गरी निर्णय गर्न सबै लगानीकर्तासँग अनुरोध गर्दछौं ।

**ज्योति गैह्रे**
प्रमुख, कर्पोरेट अफेयर्स एण्ड कम्युनिकेशन्स
२०८२, फागुन १

RELIANCE SPINNING MILLS LTD. Estd.2051 Kathmandu